# अर्थ

2018, JUN
Thursday
28

मन्त्री खनालका अन्य उपलब्धिमा जमिनमा रहेको द्वैध स्वामित्वको समस्या १ वर्षभित्र समाधान गर्ने लक्ष्यअनुरूप मन्त्रालयअन्तर्गत मोहियानी समस्या समाधान एकाइ गठन गरी कार्य प्रारम्भ गरिएको र जग्गाधनी र मोहियानीबीच जग्गाको बाँडफाँडको लागि आगामी ४ गतेसम्मको म्याद दिई सूचना सार्वजनिक गरिनुलाई पनि लिइएको छ।

## कृषिमन्त्रीका सय दिन

# अपेक्षाअनुरूप देखिएनन् उपलब्धि

नेपाल समाचारपत्र
काठमाडौं

मन्त्रालयको जिम्मेवारी सम्हालेको केही दिनमै आफ्नो ५८ बुँदे कार्ययोजना सार्वजनिक गर्नुभएका कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री चक्रपाणि खनालले आफ्नो सय दिनको कार्यप्रगति विवरण सार्वजनिक गर्नुभएको छ। आफूले तयार पारेको ५८ बुँदे कार्ययोजना बजेटमा नसमेटिए पनि मन्त्रालयको कार्यभार समेटेको ३ महिना अवधिमा जनतासँग प्रत्यक्षरूपमा जोडिएका केही सकारात्मक काम गरेको मन्त्री खनालको दाबी छ। मन्त्रालयको जिम्मेवारी सम्हालिसकेपछि विभिन्न ऐन नियमको मस्यौदा निर्माण, आवश्यक संशोधन, प्रभावकारी बजार अनुगमनलाई तीव्र पारिएको, भूमि व्यवस्थापन तथा नापी क्षेत्रमा देखिएका समस्या समाधानको प्रयास र कृषि वस्तुको उत्पादकत्व वृद्धिका लागि सकारात्मक पहल गरेको सय दिने कार्यप्रगति विवरणमा उल्लेख गरिएको छ।

कार्यप्रगति विवरणअनुसार यस अवधिमा भूमि नीति, गरिबी निवारण नीति, खाद्य सुरक्षा नीति, भू उपयोग ऐन, गुठी ऐन, मालपोत नियमावली र सहकारी नियमावलीको मस्यौदा तयार भइसकेको र अन्य कानुन परिमार्जनका लागि तयार पारिएको छ। त्यसैगरी, बजार अनुगमनको कामलाई तिव्रता दिई कालीमाटी फलफूल तथा तरकारी बजारको अनुगमन गरी केही व्यापारी तथा बिचौलियालाई कारबाही गरिएको काठमाडौंका विभिन्न स्थानमा डेरीको अनुगमन गरी २५ वटा दुग्ध व्यवसायीलाई दुधको न्यूनतम मापदण्ड तथा गुणस्तर निर्धारणका लागि सचेत तुल्याइएको कार्यप्रगति विवरणमा उल्लेख गरिएको छ।

यस अवधिमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत ७ सय ७० पकेट, १ सय ६६ वटा ब्लक, १४ जोन, र १ सुपर जोनको स्थापना तथा ३ वटा जोनलाई स्तरोन्नति गरिएको छ भने प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गतका कार्यक्रमको परिणाम प्रभाव मूल्यांकन गरी समयानुकूल कार्यविधिको परिमार्जन कार्य शुरू गरिएको छ। लामो समयसम्म अन्योलमा रहेका किसानलाई योगदानमा आधारित कृषि पेन्सन योजनाका लागि पनि मस्यौदा तयार पारिएको मन्त्री खनालले आफ्नो कार्यसमीक्षा प्रगतिमा राख्नुभएको छ।

नेपाल र भारत सरकारबीच राष्ट्रिय कृषि अनुसन्धान परिषद्लाई मानित विश्वविद्यालयमा रूपान्तरण गर्ने, कृषि तथा माटो परीक्षण अनुगमन परियोजना, नमुना अर्गानिक खेतीलगायतका विषयमा सहमति भएको कुरालाई पनि मन्त्री खनालको सय दिनको उपलब्धिका रूपमा लिइएको छ। त्यसै गरी इजरायल सरकारसँग भएको कृषि क्षैत्रमा उच्च प्रविधिलाई नेपालमा नमुनाका रूपमा प्रयोग गर्ने तथा चीन, कतार तथा नेदरल्यान्ड सरकारसँग पनि नेपालको कृषि क्षेत्रको विकासमा प्राविधिक सहयोगका लागि द्विपक्षीय सहयोगका लागि चीन, कतार तथा नेदरल्यान्ड सरकारसँग नेपालको कृषि क्षेत्रको विकासमा प्राविधिक सहयोगको लागि द्विपक्षीय छलफलको प्रक्रिया शुरू गरिएको छ। मुलुकमा धानबालीको उत्पादन र उत्पादकत्व वृद्धिमा सघाउ हुने गरी मन्त्रालय र फिलिपिन्सको अन्तर्राष्ट्रिय धान अनुसन्धान प्रतिष्ठानबीच ६ विषयगत क्षेत्र र १६ सम्भावित मुख्य परियोजनामा सम्पूर्ण कार्य गर्ने उद्देश्यका साथ ५ वर्षे कार्ययोजना केही दिनअघि मात्र सम्झौता भएको छ।

भूमि व्यवस्थापन तथा नापी क्षैत्रतर्फ यस सय दिन अवधिमा अर्घाखाँची जिल्लामा भूमिको पुनः नाप नक्सा गरी तयार पारिएको र ८ सय ७० जग्गाधनी दर्ता प्रमाणपुर्जा दर्ता गरिएको छ। साथै नवलपरासी जिल्लाको परासी नगरपालिकाअन्तर्गत गाउँ ब्लक नापी नभएको जग्गाको नाप नक्सा गरी ४ सय ३६ जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण गरिएको छ। त्यस्तै बर्दिया जिल्लाको राजापुर नगरपालिका क्षेत्रमा २ सय भूमिहीन सुकुम्बासीलाई जग्गाधनी प्रमाणपुर्जा वितरण गरिएको छ। मन्त्री खनालले आफ्नै पहलमा कृषियोग्य जग्गाको जथाभावी कित्ताकाट र अनियन्त्रित खन्डीकरण गर्ने कार्यलाई निरुत्साहित गर्ने नीति अख्तियार गरी कार्यान्वयनमा ल्याएको तथा मालपोत कार्यालयबाट सम्पादन हुने सार्वजनिक सेवा प्रवाहको सम्बन्धमा सेवाग्राहीबाट मूल्यांकन गराउन सेवाग्राही सन्तुष्टि सर्भेक्षण फाराम प्रयोग कार्य शुरू गरिनुलाई पनि आफ्नो उपलब्धिका रूपमा लिएका छन्।

मन्त्री खनालका अन्य उपलब्धिमा जमिनमा रहेको द्वैध स्वामित्वको समस्या १ वर्षभित्र समाधान गर्ने लक्ष्यअनुरूप मन्त्रालयअन्तर्गत मोहियानी समस्या समाधान एकाइ गठन गरी कार्य प्रारम्भ गरिएको र जग्गाधनी र मोहियानीबीच जग्गाको बाँडफाँडको लागि आगामी ४ गतेसम्मको म्याद दिई सूचना सार्वजनिक गरिनुलाई पनि लिइएको छ। भूमि व्यवस्थासँग सम्बन्धित क्षैत्रहरू मालपोत, नापी कार्यालयबाट प्रदान गरिने सम्पूर्ण सेवासम्बन्धी सूचनामा सबैको सरल र सहजरूपमा पहुँच सुनिश्चित गर्न भूमि सुशासन मोबाइल एप्स कार्यान्वयनमा ल्याइएको छ।


हिमाल स्टील आजको भाउ
ज्योति

| | टोरस्टिल | | | टि. एम. टि. टेम्पकोर | | | टोरकारी | एनिल्ड |
|---|---|---|---|---|---|---|---|---|
| | ८ मि.मि. | १०-२० मि.मि. | २५-३२ मि.मि. | ८ मि.मि | १०-२० मि.मि | २५-३२ मि.मि. | ४.७५-७ मि.मि. | |
| काठमाडौं | ९१.८५ | ९०.८५ | ९३.३५ | ९२.३५ | ८९.३५ | ९१.८५ | ९१.६५ | १०१.२२ |
| बीरगंज | ८९.९५ | ८८.९५ | ९१.४४ | ९०.४५ | ८७.४५ | ८९.९४ | ८९.७५ | ९९.४२ |
| विराटनगर | ९०.४५ | ८९.४५ | ९१.९४ | ९०.९५ | ८७.९५ | ९०.४४ | ९०.२५ | १००.०२ |

• अन्तः शुल्क/भ्याट बाहेक प्रति किलो मूल्य • १००० के.जी. माथि नेपालभरि फ्रि होम डेलिभरी
• अन्य ठाउँको मूल्य नजीकको डिपोबाट लिनु होला । तौलमा हुक र चुरा समावेश छ ।



JAGDAMBA STEEL
देशको मेरूदण्ड
बिक्री मूल्य रू. प्रति किलोग्राम

| स्थानहरु / साइज | JAGDAMBA E | | | |
|---|---|---|---|---|
| | ८ एम.एम. | १०-२० एम.एम. | २५ एम.एम. | २८-३२ एम.एम. |
| काठमाडौं | ९११०० | ८८१०० | ९११०० | ९११०० |
| सिमरा, बिरगंज, कलैया | ८९१४० | ८६१४० | ८९१४० | ८९१४० |
| मलंगवा, जनकपुर, नारायणघाट | ९०१४० | ८७१४० | ९०१४० | ९०१४० |
| लाहान, विराटनगर, धरान, इटहरी | ९११९५ | ८८१९५ | ९११९५ | ९११९५ |
| विर्तामोड, दमक, बुटवल, भैरहवा, कृष्णनगर | ९०११० | ८७११० | ९०११० | ९०११० |
| पोखरा, स्याङ्जा | ९०१६० | ८७१६० | ९०१६० | ९०१६० |

नोट : उपरोक्त मूल्यमा १ रुपैयाँ प्रति के.जी. अन्तशुल्क र १३% मु.अ. कर थप लाग्नेछ ।
JAGDAMBA E Fe 500
EARTHQUAKE RESISTANT REBAR
NS:191
नेपालको सबैभन्दा विश्वसनीय भुकम्प प्रतिरोधक छड ।


## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग
२०७५ असार १४, जुन २८, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रूपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।४८ | ११०।०८ |
| युरो १ को रू. | १२७।२० | १२७।९० |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४४।३७ | १४५।१६ |
| स्विस फ्रन्क १ को रू. | ११०।२९ | ११०।८९ |
| अस्ट्रेलियन डलर १ को रू. | ८०।६९ | ८१।१३ |
| क्यानाडियन डलर १ को रू. | ८२।२१ | ८२।६६ |
| सिङ्गापुर डलर १ को रू. | ८०।२७ | ८०।७१ |
| जापानी यन १० को रू. | ९।९६ | १०।०१ |
| चिनियाँ युआन १ को रू. | १६।५७ | १६।६६ |
| साउदी अरब रियाल १ को रू. | २९।१९ | २९।३५ |
| कतारी रियाल १ को रू. | ३०।०७ | ३०।२३ |
| थाई भाट १ को रू. | ३।३२ | ३।३३ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।८० | २९।९७ |
| मलसियन रिङ्गिट १ को रू. | २७।१७ | २७।३२ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७७ | ९।८३ |

#### खरिद दर

| | |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।२९ |
| डेनिस क्रानर १ का रू. | १७।०७ |
| हङकङ डलर १ का रू. | १३।९५ |

नोट : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

# पोखरामा यामाहा 'राइड एन्ड रिट्रिट'



नेपाल समाचारपत्र
काठमाडौं

नेपालका लागि यामाहा मोटरसाइकल तथा स्कुटरको आधिकारिक बिक्रेता एमएडब्लु इन्टरप्राइजेजले यामाहाका स्कुटर चालकलाई रोमाञ्चक 'राइड एन्ड रिट्रिट'को आयोजना गरेको छ। गण्डकी अञ्चलका २५ जना यामाहा स्कुटर चालकलाई पोखराको यामाहा डिलर विश्वकर्मा अटोवर्क्सबाट पोखरा बजार हुँदै अतिथि रिसोर्ट लगिएको थियो। जहाँ उनीहरूले एउटा सुखद र रमाइलो दिनको अनुभव गरे।

५ समूहमा विभाजन गरिएका २५ जना स्कुटर चालकलाई 'पिलो फाइटिङ', 'टग अफ वार', 'पिकिङ द फ्ल्याग' जस्ता खेल खेलाइएको थियो। विश्वकर्मा अटोवर्क्सका प्रबन्ध निर्देशक सरोज श्रेष्ठले डिलर र राइडरबीचको सम्बन्ध नजिक र गाढा बनाउने उद्देश्यले सो कार्यक्रमको आयोजना गरिएको बताउनुभयो।

कार्यक्रममा सहभागी कृति ढुंगानाले यामाहाको यो शुरूआत प्रशंसायोग्य भएको र यसले निरन्तरता पाउने आफूले अपेक्षा गरेको बताउनुभयो। यामाहाले यसअघि काठमाडौं र नारायणगढमा 'राइड एन्ड रिट्रिट'को आयोजना गरिसकेको छ। एमएडब्लुले विगत ६ वर्षदेखि नेपालमा स्कुटर भित्र्याउँदै आएको छ। नेपालमा अहिले यामाहाको फेसिनो, रेजी, रे जेडआर र अल्फा गरी ४ मोडेलका स्कुटर उपलब्ध छन्।

# साना व्यवसायका लागि पनि उपयोगी जेसीबी

काठमाडौं (नेस)

पछिल्ला २ वर्षमा नेपालको आर्थिक वृद्धिदर घट्दो क्रममा छ तैपनि नेपालमा जेसीबी आयात हुने संख्या भने बढ्दो क्रममा रहेको देखिएको छ। नेपालमा निर्माण कार्यमा संलग्न हेभी इक्विपमेन्टमध्ये अधिकांश जेसीबीकै देखिएका छन्। पूर्वाधार विकासले तीव्रता पाएसँगै नेपालमा हेभी इक्विपमेन्ट र निर्माण उपकरणको आयात बढेको छ। भन्सार विभागको तथ्यांक हेर्ने हो भने हरेक वर्ष यस्ता उपकरणको आयात १ सय प्रतिशतभन्दा बढीले बढेको छ। सरकारले सडक, सिँचाइ, राजमार्ग, रेल, खानी, रियल स्टेट, सहरी विकासलगायतका क्षेत्रलाई प्राथमिकतामा राखेपछि यस्ता मेसिनको माग बढेको एमएडब्लु अर्थमुभर्सले जनाएको छ।

'जेसीबी' ब्रान्डका बेलायती मेसिन भारतमा रहेका प्लान्टबाट बनेर नेपाल आउँछन् र सबैभन्दा पहिलो ब्याकहो लोडर बेलायतको स्टाफोर्डसायरमा सन् १९४५ मा संस्थापक जोसेफ साइरिल बामफोर्डले निर्माण गरेका थिए। उनकै नामको छोटो रूप 'जेसीबी' हो।

अहिले ब्याकहो लोडरसँगै एस्काभेटरको लोकप्रियता पनि निरन्तर बढिरहेको छ। ठूला परियोजनामा एस्काभेटर, साना र स्थानीय परियोजनामा ब्याकहो रुचाइने गरेको जेसीबीका अधिकारी बताउँछन्। जेसीबीसँग ३ टनदेखि ३८ टनसम्मको एस्काभेटरको कम्प्लिट रेन्ज उपलब्ध छ। पर्फोमेन्स, सेफ्टी, इफिसिएन्सी र रिलायबिलिटी जेसीबीका मेसिनका विशेषता हुन्। अझ नेपालभरि फैलिएको सञ्जालले ग्राहकलाई झनै सजिलो बनाइदिएको कम्पनी बताउँछ।

तर ठूला परियोजना मात्र होइन साना व्यवसायीले पनि जेसीबी रुचाउने गरेका उनी बताउँछन्। ब्याकहोले हरेक ग्राहकलाई स्टार्ट अप बनाएको छ। सडक खन्नका लागि मात्र होइन, जग खन्न, कुलो खन्न र कृषि कार्य पनि यसको प्रयोग भइरहेको छ। कल्पनै नगरेका क्षेत्रमा पनि हाम्रा मेसिन प्रयोग भइरहेको पनि उनी बताउँछन्।





ग्लोबल आइएमई बैंक लिमिटेड

सूचना !!!

ग्लोबल आइएमई बैंक लिमिटेडको संस्थापक शेयरधनीहरु मध्येका केही शेयरधनीहरुले शेयर बिक्री गर्ने स्वीकृतीका लागि बैंकमा निवेदन दिनु भएकोमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संस्थापक समूहको शेयर खरिद/बिक्री गर्दा संस्थापक शेयरधनीहरुलाई पहिलो प्राथमिकता दिनुपर्ने र यसरी खरिद/बिक्री हुन नसकेको अवस्था भएमा मात्र अन्य व्यक्ति वा संस्थालाई नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही उक्त शेयरहरु खरिद/बिक्री गर्नुपर्ने भएकोले बैंकका सम्पूर्ण संस्थापक शेयरधनीहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

अतः कुनै शेयरधनीलाई उक्त संस्थापक शेयर खरिद गरी लिन इच्छा भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकको रजिष्टर्ड कार्यालय कमलादीमा निवेदन दिन हुन अनुरोध छ।

उक्त म्याद भित्र कोही कसैको निवेदन प्राप्त हुन नआएमा नियमानुसार अन्य व्यक्ति वा संस्थालाई उपरोक्त शेयरहरु खरिद/बिक्री गर्न आवश्यक कारबाही अघि बढाईने ब्यहोरा सरोकारवाला सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
रजिष्टर्ड/कर्पोरेट कार्यालय
कमलादी, काठमाण्डौं
फोन नं.: ०१-४२२८६७१/४२२६२४७


## SHARE MARKET

27 JUNE WEDNESDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 1402.00 | 312.00 | 308.00 | 311.00 | 0.00 |
| 2 | Api Power Company Ltd. | 2588.00 | 300.00 | 283.00 | 285.00 | 0.00 |
| 3 | Arun Kabeli Power Ltd. | 963.00 | 275.00 | 265.00 | 272.00 | 2.00 |
| 4 | Arun Valley Hydropower Dev. Co. Ltd. | 5272.00 | 157.00 | 149.00 | 157.00 | 2.00 |
| 5 | Asian Life Insurance Co. Limited | 2611.00 | 660.00 | 639.00 | 642.00 | -10.00 |
| 6 | Bank of Kathmandu Limited Pro. Share | 5285.00 | 212.00 | 212.00 | 212.00 | 0.00 |
| 7 | Bank of Kathmandu Ltd. | 3525.00 | 270.00 | 256.00 | 260.00 | 4.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 54.00 | 148.00 | 145.00 | 148.00 | 3.00 |
| 9 | Bhargav Bikash Bank Ltd. | 338.00 | 129.00 | 127.00 | 127.00 | 0.00 |
| 10 | Bottlers Nepal (Terai) Limited | 10.00 | 5691.00 | 5691.00 | 5691.00 | 111.00 |
| 11 | Butwal Power Company Limited | 12322.00 | 444.00 | 434.00 | 439.00 | 0.00 |
| 12 | Central Finance Co. Ltd. | 350.00 | 114.00 | 113.00 | 113.00 | -2.00 |
| 13 | Century Commercial Bank Ltd. | 11435.00 | 168.00 | 162.00 | 163.00 | 0.00 |
| 14 | Chhimek Laghubitta Bikas Bank Limited | 893.00 | 892.00 | 876.00 | 876.00 | 1.00 |
| 15 | Chhyangdi Hydropower Ltd. | 146.00 | 143.00 | 141.00 | 141.00 | -2.00 |
| 16 | Chilime Hydropower Company Limited | 2406.00 | 750.00 | 735.00 | 745.00 | -5.00 |
| 17 | Citizen Bank International Limited | 7445.00 | 237.00 | 233.00 | 235.00 | 2.00 |
| 18 | Citizen Investment Trust | 304.00 | 2450.00 | 2425.00 | 2440.00 | -15.00 |
| 19 | Citizens Mutual Fund -1 | 1000.00 | 9.36 | 9.36 | 9.36 | 0.00 |
| 20 | City Express Finance Co. Limited | 100.00 | 190.00 | 190.00 | 190.00 | -3.00 |
| 21 | Civil Bank Ltd | 15695.00 | 151.00 | 148.00 | 150.00 | 0.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 10.00 | 700.00 | 700.00 | 700.00 | 0.00 |
| 23 | Deprosc Laghubitta Bittiya Sanstha Ltd. | 609.00 | 735.00 | 720.00 | 729.00 | 4.00 |
| 24 | Deva Bikas Bank Limited | 3465.00 | 131.00 | 128.00 | 131.00 | 3.00 |
| 25 | Dibyashwori Hydropower Ltd. | 75.00 | 112.00 | 110.00 | 112.00 | 4.00 |
| 26 | Everest Bank Limited | 9631.00 | 670.00 | 655.00 | 669.00 | 9.00 |
| 27 | Everest Insurance Co. Ltd. | 73.00 | 1345.00 | 1321.00 | 1321.00 | 11.00 |
| 28 | Excel Development Bank Ltd. | 291.00 | 335.00 | 332.00 | 335.00 | 9.00 |
| 29 | First Micro Finance Dev.Bank Ltd. | 1680.00 | 552.00 | 536.00 | 541.00 | 4.00 |
| 30 | Forward Community Mi. Bittiya Sanstha Ltd. | 526.00 | 2255.00 | 2080.00 | 2184.00 | 38.00 |
| 31 | Gandaki Bikas Bank Limited | 2585.00 | 189.00 | 184.00 | 189.00 | 4.00 |
| 32 | Garima Bikas Bank Limited | 3238.00 | 178.00 | 173.00 | 178.00 | 3.00 |
| 33 | Global IME Bank Limited | 7890.00 | 288.00 | 282.00 | 288.00 | 2.00 |
| 34 | Global IME Bank Ltd. Promoter Share | 833.00 | 173.00 | 173.00 | 173.00 | -3.00 |
| 35 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 100.00 | 1143.00 | 1143.00 | 1143.00 | 22.00 |
| 36 | Global IME Samunnat Scheme-1 | 5000.00 | 8.45 | 8.45 | 8.45 | 0.05 |
| 37 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 2425.00 | 612.00 | 581.00 | 600.00 | 8.00 |
| 38 | Guheshowori Merchant Bank & Fin. Co. Ltd. | 227.00 | 127.00 | 125.00 | 125.00 | 0.00 |
| 39 | Gurans Life Insurance Company Ltd. | 856.00 | 859.00 | 845.00 | 850.00 | 5.00 |
| 40 | Gurkhas Finance Ltd. | 67.00 | 111.00 | 110.00 | 110.00 | 1.00 |
| 41 | Hathway Finance Company Limited | 40.00 | 141.00 | 139.00 | 141.00 | 4.00 |
| 42 | Himalayan Bank Limited | 1453.00 | 544.00 | 535.00 | 540.00 | 0.00 |
| 43 | Himalayan General Insurance Co. Ltd | 872.00 | 452.00 | 436.00 | 450.00 | 6.00 |
| 44 | Himalayan Power Partner Ltd. | 100.00 | 290.00 | 280.00 | 290.00 | 3.00 |
| 45 | ICFC Finance Limited | 259.00 | 170.00 | 167.00 | 167.00 | -3.00 |
| 46 | IME General Insurance Ltd. | 410.00 | 885.00 | 868.00 | 869.00 | -16.00 |
| 47 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 4890.00 | 158.00 | 151.00 | 156.00 | 4.00 |
| 48 | Janata Bank Nepal Ltd. | 7956.00 | 153.00 | 150.00 | 153.00 | 2.00 |
| 49 | Janautthan Samudayic Lag. Bikas Bank Ltd. | 82.00 | 2898.00 | 2842.00 | 2898.00 | 56.00 |
| 50 | Jebils Finance Ltd. | 250.00 | 104.00 | 102.00 | 104.00 | 4.00 |
| 51 | Jyoti Bikas Bank Limited | 1784.00 | 136.00 | 134.00 | 136.00 | 1.00 |
| 52 | Kailash Bikas Bank Ltd. | 425.00 | 224.00 | 220.00 | 224.00 | 0.00 |
| 53 | Kalika Microcredit Development Bank Ltd. | 280.00 | 1320.00 | 1290.00 | 1320.00 | 50.00 |
| 54 | Kamana Sewa Bikas Bank Limited | 2743.00 | 154.00 | 152.00 | 152.00 | 0.00 |
| 55 | Kanchan Development Bank Limited | 500.00 | 186.00 | 186.00 | 186.00 | 3.00 |
| 56 | Kankai Bikas Bank Ltd. | 600.00 | 125.00 | 124.00 | 125.00 | 3.00 |
| 57 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 400.00 | 1611.00 | 1572.00 | 1580.00 | 8.00 |
| 58 | Kumari Bank Limited | 6785.00 | 210.00 | 206.00 | 208.00 | 2.00 |
| 59 | Laxmi Bank Limited | 5380.00 | 256.00 | 250.00 | 252.00 | 0.00 |
| 60 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 497.00 | 1095.00 | 1060.00 | 1060.00 | -18.00 |
| 61 | Life Insurance Co. Nepal | 919.00 | 1581.00 | 1538.00 | 1555.00 | -13.00 |
| 62 | Lumbini Bikas Bank Ltd. | 2458.00 | 148.00 | 144.00 | 144.00 | 0.00 |
| 63 | Lumbini General Insurance Co. Ltd. | 3021.00 | 547.00 | 529.00 | 536.00 | -3.00 |
| 64 | Machhapuchhre Bank Limited | 6020.00 | 210.00 | 207.00 | 208.00 | 0.00 |
| 65 | Mahalaxmi Bikas Bank Ltd. | 100.00 | 169.00 | 169.00 | 169.00 | 3.00 |
| 66 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 218.00 | 697.00 | 665.00 | 685.00 | 10.00 |
| 67 | Mahuli Samudayik Lag. Bittiya Sanstha Ltd. | 655.00 | 2615.00 | 2580.00 | 2585.00 | -35.00 |
| 68 | Mega Bank Nepal Ltd. | 52381.00 | 178.00 | 173.00 | 176.00 | 3.00 |
| 69 | Mega Bank Nepal Ltd. Promoter Share | 42838.00 | 110.00 | 110.00 | 110.00 | 0.00 |
| 70 | Mero Microfinance Bittiya Sanstha Ltd. | 348.00 | 1066.00 | 1012.00 | 1012.00 | -18.00 |
| 71 | Mirmire Microfinance Dev. Bank Ltd. | 209.00 | 1550.00 | 1520.00 | 1520.00 | -30.00 |
| 72 | Miteri Development Bank Limited | 98.00 | 278.00 | 275.00 | 278.00 | 0.00 |
| 73 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 20.00 | 980.00 | 980.00 | 980.00 | 0.00 |
| 74 | Muktinath Bikas Bank Ltd. | 3814.00 | 379.00 | 369.00 | 369.00 | -1.00 |
| 75 | Nabil Bank Limited | 5047.00 | 935.00 | 921.00 | 930.00 | 2.00 |
| 76 | NABIL Bank Limited Promotor Share | 2125.00 | 733.00 | 719.00 | 725.00 | 5.00 |
| 77 | Nabil Equity Fund | 7314.00 | 8.70 | 8.64 | 8.70 | 0.15 |
| 78 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 508.00 | 2502.00 | 2405.00 | 2452.00 | 42.00 |
| 79 | National Hydro Power Company Limited | 530.00 | 85.00 | 83.00 | 83.00 | -1.00 |
| 80 | National Life Insurance Co. Ltd. | 2560.00 | 1198.00 | 1153.00 | 1170.00 | -6.00 |
| 81 | National Microfinance Bittiya Sanstha Ltd. | 422.00 | 2230.00 | 2070.00 | 2186.00 | 39.00 |
| 82 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 674.00 | 1893.00 | 1800.00 | 1856.00 | -15.00 |
| 83 | Neco Insurance Co. Ltd. | 16913.00 | 550.00 | 531.00 | 546.00 | 3.00 |
| 84 | Nepal Bangladesh Bank Limited | 7432.00 | 212.00 | 210.00 | 212.00 | 1.00 |
| 85 | Nepal Bank Limited | 15466.00 | 294.00 | 290.00 | 292.00 | 1.00 |
| 86 | Nepal Community Development Bank Ltd. | 490.00 | 119.00 | 115.00 | 119.00 | 6.00 |
| 87 | Nepal Credit And Commercial Bank Ltd. | 5466.00 | 237.00 | 231.00 | 235.00 | 2.00 |
| 88 | Nepal Doorsanchar Comapany Limited | 1300.00 | 728.00 | 715.00 | 725.00 | 4.00 |
| 89 | Nepal Hydro Developers Ltd. | 5190.00 | 192.00 | 186.00 | 189.00 | 0.00 |
| 90 | Nepal Insurance Co. Ltd. | 583.00 | 650.00 | 637.00 | 648.00 | 8.00 |
| 91 | Nepal Investment Bank Limited | 6025.00 | 624.00 | 611.00 | 624.00 | 9.00 |
| 92 | Nepal Investment Bank Ltd. Pro. Share | 5504.00 | 544.00 | 538.00 | 544.00 | 4.00 |
| 93 | Nepal Life Insurance Co. Ltd. | 5014.00 | 1009.00 | 995.00 | 1000.00 | 0.00 |
| 94 | Nepal SBI Bank Limited | 2875.00 | 500.00 | 493.00 | 496.00 | -2.00 |
| 95 | Nepal Seva Laghubitta Bittiya Sanstha Ltd. | 10.00 | 343.00 | 343.00 | 343.00 | 16.00 |
| 96 | Nerude Laghubita Bikas Bank Limited | 360.00 | 659.00 | 640.00 | 659.00 | 14.00 |
| 97 | Ngadi Group Power Ltd. | 54.00 | 170.00 | 167.00 | 167.00 | 0.00 |
| 98 | NIC Asia Bank Ltd. | 7345.00 | 315.00 | 306.00 | 312.00 | 2.00 |
| 99 | NIC Asia Growth Fund | 1000.00 | 8.90 | 8.90 | 8.90 | 0.08 |
| 100 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 924.00 | 1078.00 | 1050.00 | 1060.00 | -20.00 |
| 101 | NLG Insurance Company Ltd. | 5256.00 | 875.00 | 870.00 | 870.00 | -20.00 |
| 102 | NMB Microfinance Bittiya Sanstha Ltd. | 110.00 | 1420.00 | 1360.00 | 1420.00 | 33.00 |
| 103 | NMB Bank Limited | 3093.00 | 347.00 | 342.00 | 346.00 | 0.00 |
| 104 | NMB Hybrid Fund L-1 | 1664.00 | 9.15 | 9.15 | 9.15 | 0.03 |
| 105 | NMB Sulav Investment Fund-1 | 88967.00 | 11.60 | 11.51 | 11.51 | -0.09 |
| 106 | Om Development Bank Ltd. | 924.00 | 179.00 | 175.00 | 175.00 | 0.00 |
| 107 | Oriental Hotels Limited | 250.00 | 520.00 | 512.00 | 520.00 | 11.00 |
| 108 | Pokhara Finance Ltd. | 305.00 | 134.00 | 131.00 | 133.00 | 1.00 |
| 109 | Prabhu Bank Limited | 18347.00 | 189.00 | 183.00 | 185.00 | 0.00 |
| 110 | Prabhu Insurance Ltd. | 3077.00 | 519.00 | 504.00 | 514.00 | 9.00 |
| 111 | Premier Insurance Co. Ltd. | 2542.00 | 1168.00 | 1124.00 | 1138.00 | -4.00 |
| 112 | Prime Commercial Bank Ltd. | 24517.00 | 285.00 | 280.00 | 280.00 | -1.00 |
| 113 | Prime Life Insurance Company Limited | 5044.00 | 561.00 | 547.00 | 548.00 | -2.00 |
| 114 | Prudential Insurance Co. Ltd. | 521.00 | 780.00 | 752.00 | 770.00 | 5.00 |
| 115 | Purnima Bikas Bank Ltd. | 178.00 | 175.00 | 172.00 | 173.00 | -1.00 |
| 116 | Radhi Bidyut Company Ltd | 167.00 | 224.00 | 220.00 | 223.00 | -1.00 |
| 117 | Rairang Hydropower Dev. Co. Ltd. | 250.00 | 251.00 | 231.00 | 231.00 | -25.00 |
| 118 | Rastriya Beema Company Limited | 120.00 | 11000.00 | 10770.00 | 11000.00 | 10.00 |
| 119 | Rastriya Beema Co. Limited Pro. Share | 180.00 | 10189.00 | 9800.00 | 9986.00 | 186.00 |
| 120 | Ridi Hydropower Development Co. Ltd. | 160.00 | 126.00 | 122.00 | 124.00 | 4.00 |
| 121 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 398.00 | 530.00 | 523.00 | 530.00 | 0.00 |
| 122 | Rural Microfinance Dev. Centre Ltd. | 389.00 | 668.00 | 656.00 | 656.00 | 1.00 |
| 123 | Sagarmatha Insurance Co. Ltd. | 1720.00 | 1310.00 | 1300.00 | 1300.00 | 0.00 |
| 124 | Sahayogi Bikas Bank Limited | 915.00 | 191.00 | 191.00 | 191.00 | 3.00 |
| 125 | Samata Microfinance Bittiya Sanstha Ltd. | 65.00 | 1375.00 | 1336.00 | 1368.00 | 5.00 |
| 126 | Sana Kisan Bikas Bank Ltd | 1395.00 | 1152.00 | 1120.00 | 1130.00 | -2.00 |
| 127 | Sanima Bank Limited | 9146.00 | 329.00 | 325.00 | 327.00 | 2.00 |
| 128 | Sanima Equity Fund | 3000.00 | 9.20 | 9.12 | 9.20 | -0.10 |
| 129 | Sanima Mai Hydropower Ltd. | 7082.00 | 330.00 | 319.00 | 326.00 | 1.00 |
| 130 | Saptakoshi Development Bank Ltd. | 170.00 | 117.00 | 115.00 | 117.00 | 4.00 |
| 131 | Shangrila Development Bank Ltd. | 4100.00 | 150.00 | 149.00 | 150.00 | 0.00 |
| 132 | Shikhar Insurance Co. Ltd. | 1387.00 | 965.00 | 935.00 | 950.00 | 5.00 |
| 133 | Shine Resunga Development Bank Ltd. | 301.00 | 270.00 | 270.00 | 270.00 | 4.00 |
| 134 | Shree Investment Finance Co. Ltd. | 392.00 | 155.00 | 151.00 | 151.00 | -1.00 |
| 135 | Siddhartha Bank Limited | 11371.00 | 303.00 | 294.00 | 296.00 | -2.00 |
| 136 | Siddhartha Equity Fund | 3620.00 | 9.20 | 9.05 | 9.20 | 0.15 |
| 137 | Siddhartha Insurance Ltd. | 310.00 | 680.00 | 674.00 | 680.00 | 14.00 |
| 138 | Sindhu Bikash Bank Ltd | 527.00 | 127.00 | 122.00 | 127.00 | 5.00 |
| 139 | Soaltee Hotel Limited | 1500.00 | 241.00 | 237.00 | 237.00 | 2.00 |
| 140 | Standard Chartered Bank Limited | 4796.00 | 743.00 | 730.00 | 740.00 | 9.00 |
| 141 | Summit Micro Finance Dev. Bank Ltd. | 260.00 | 930.00 | 912.00 | 917.00 | -13.00 |
| 142 | Sunrise Bank Limited | 4509.00 | 224.00 | 218.00 | 223.00 | 3.00 |

Total Amount Rs. 173,077,691 Total Quantity 583,732 Total No of Transactions 2,843

२०७५ असार बिहीबार १४

निगमले गत फागुन ४ मा २ वटा वाइड बडी किन्न एएआर कर्पोरेसनलाई बैनाबापत रू १० लाख अमेरिकी डलर पठाएको थियो। अमेरिकी कम्पनीले १० कम्पनीलाई पछि पार्दै निगमले गरेको ग्लोबल टेन्डर जितेको थियो।




# काठमाडौं उत्रिँदै निगमको वाइड बडी विमान

**नेपाल समाचारपत्र**

काठमाडौं

नेपाल वायुसेवा निगमले खरिद गरेको वाइड बडी विमान आज काठमाडौं आइपुग्ने भएको छ। एयरबस ए ३३०-२०० सिरिजको ९ एन-एएलवाई कलसाइनको अन्नपूर्ण विमान निगमले आज बिहीबार नेपाल ओराल्न लागेको हो।

निगमका सहप्रवक्ता शैलेश कंसाकारका अनुसार




वाइड बडी विमान ल्याउनका लागि करिब १ दर्जनभन्दा बढी निगम र नेपाल नागरिक उड्डयन प्राधिकरणको टोली बिहीबार बिहान ८ बजे काठमाडौं अवतरण गर्नेछ।

निगमको विमान ल्यानका लागि महाप्रबन्धक सुगतरत्न कंसाकार, कर्पोरेट विभाग निर्देशक रवीन्द्र श्रेष्ठ, इन्जिनियरिङ विभागका निर्देशक कर्णबहादुर थापा एवं पाइलट श्रवण रिजाल विमान विदेशी चालकले उडाएर त्रिभुवन विमानस्थलमा अवतरण गराउनेछन्। नेपाल उड्डयन क्षेत्रमा नेपाल वायुसेवा निगमको यो विमान खरिद गर्नु ऐतिहासको ठूलो उपलब्धिका रूपमा हेरिएको छ। निगमका महाप्रबन्धक सुगत रत्न कंसकारले २८ वर्षसम्म निगमले नयाँ विमान खरिद नगर्दा बजारमा प्रतिस्पर्धा गर्न कठिन भएको बताउँदै आउनुभएको छ।

२०७३ चैत २५ गते अमेरिकन लिजिङ कम्पनी एएआर कर्पोरेसनमार्फत एयरबस ए ३३०-२०० सिरिजका २ विमान खरिद सम्झौता भएको थियो। निगमले २ वटा वाइडबडी खरिदका लागि नागरिक लगानी कोष र कर्मचारी सञ्चय कोषबाट ९ प्रतिशत ब्याजमा २४ अर्ब ऋण लिएको हो। संस्थासँग निगमले १५ वर्षको ऋण र एमएम डंगलोसहितको टोली केही दिनअघि फ्रान्सको टुलुज गएको थियो। १८ विजनेस क्लास, २ सय ५६ इकोनोमिक सिट गरी जम्मा २७४ सिट छन्। विमान केही समयपछि हालकै निगमको नियमित गन्तव्यमा उडान भर्ने योजना रहको छ भने साउदी अरबको रियादमा थप उडान भर्ने योजना रहको छ। निगमले चाँडै नै जापान र कोरियामा उठान भर्ने तयारीसमेत गरेको छ।

तिर्ने समय सीमा राखेको छ। निगमले २ वाइड बडी जहाज २९ दशमलब ६ मिलियन अमेरिकी डलर मूल्यका आधारमा खरिद गर्न लागेको हो। निगमले गत फागुन ४ मा २ वटा वाइड बडी किन्न एएआर कर्पोरेसनलाई बैनाबापत रू १० लाख अमेरिकी डलर पठाएको थियो। अमेरिकी कम्पनीले १० कम्पनीलाई पछि पार्दै निगमले गरेको ग्लोबल टेन्डर जितेको थियो।

हाल भने निगमले करिब साढे १२ अर्ब रुपियाँ पठाइसकेको छ। हाल निगमले ८ गन्तव्यमा उडान गरिरहको छ। ८ गन्तव्य दुबई, हङकङ, बैंकक, बैंगलोर, दोहा, मलेसिया, दिल्ली, मुम्बईमा उडान भर्दै आएको छ। निगम र एएआरबीचको सम्झौताअनुसार निगमलाई दुवै जहाज सन् २०१८ को अप्रिल र मे महिनामा हस्तान्तरण गर्ने सहमति भएको भए पनि केही प्राविधिक कारणले ढिला भएको थियो। २ जहाज थपिएपछि निगमसँग अन्तर्राष्ट्रिय उडानका लागि जहाजको संख्या ५ पुग्नेछ। हाल एक बोइङ ७५७-२०० र एयरबस ३२०-२०० सिरिजका न्यारो बडी जहाजमार्फत ८ गन्तव्यमा उडान गरिरहको छ।

# महर्जन कम्प्लेक्स निर्माणको अन्तिम चरणमा

**नेपाल समाचारपत्र**

काठमाडौं

मुलुककै पहिलो सम्पदामैत्री व्यवसायिक भवन 'महर्जन कम्प्लेक्स' निर्माणको कार्य अन्तिम चरणमा पुगेको छ। कम्प्लेक्सका अध्यक्ष कृष्णलाल महर्जनका अनुसार सुविधा सम्पन्न उक्त भवन केही समयभित्रै सञ्चालन ल्याउने गरी अन्तिम तयारी चलिरहेको बताउनुभयो।

सुन्दर र सम्पदामैत्री स्वरूपले न्युरोड क्षेत्रकै शोभा बढाउने उद्देश्यले निर्माण गरिएको सो भवनको संरचना निकै मजबुत र भूकम्प प्रतिरोधात्मक बनाइएको छ। अत्याधुनिक सुविधायुक्त भवनमा सेन्ट्रल एसी, फ्रेस एयरको लगातार सप्लाइ, जेनेरेटर ब्याकअप, आगलागी नियन्त्रण प्रणाली, आधुनिक लिफ्टको व्यवस्था गरिएको छ। भवनको बीच भागमा खाली छाडेर बनाएको छ। महानगरीय प्रहरी वृत्त जनसेवाको ठीक अगाडि रहेको यस भवनमा अत्याधुनिक सीसीटिभी जडान गरिएको छ। प्रालिले भवनमा २४ घन्टा सुरक्षाको व्यवस्था गरेको जनाएको छ।

१ हजार बेरोजगारलाई रोजगारीको अवसर प्रदान गर्ने गरी करिब ६० वटा पसल रहेको सो भवनमा हगना, रेस्टुरेन्ट तथा सबै प्रकारका फेन्सी पसल सञ्चालन गरिनेछ। अत्याधुनिक व्यावसायिक भवनमा हुने आर्थिक गतिविधिले देशकै अर्थतन्त्रमा टेवा पुग्ने विश्वास प्रालिले लिएको छ। सबै सुविधासहित सञ्चालन गर्न लागिएको सो भवनमा सबै प्रकारका व्यवसाय सञ्चालन गर्न बुकिङ खुला गर्ने तयारी गरेको जनाएको छ।

पुरानो क्रिस्टल होटलको जग्गा खरिद गरी २०७३ सालमा कामपाबाट नक्सा पास गरी निर्माण शुरू गरेको सो भवन विश्वसम्पदा सूचीभित्र रहेको हनुमानढोका दरबार परिसर क्षेत्रभन्दा बाहिर छ। प्रालिले ८ तले क्रिस्टल भवन भत्काएर ४ तले निर्माण गरेको हो। स्थानीय निकायले जारी गरेको निर्माणसम्बन्धी मापदण्डअनुसार भवन निर्माण गरेको प्रालिको भनाइ छ। काठमाडौं महानगरपालिकाले स्वीकृत गरेको नक्साअनुसार नियोक्लासिकल भवन निर्माण सम्पन्न गरेको हो। क्रिस्टल भवनले २०२४ साल कार्तिकमा ५३ दशमलब ३ फिट अग्लो भवन निर्माण गर्न स्वीकृति लिएको थियो। हाल निर्माण भइरहेको सो भवन विद्यमान कानुन र मापदण्डअनुसार निर्माण भएको प्रालिले जनाएको छ। प्रालिले २०७२ सालको शक्तिसाली भूकम्पबाट हुन गएको मानवीय क्षतिलाई समेत दृष्टिगत गर्दै भुकम्प प्रतिरोधात्मक र 'सेफ्टी फस्ट' अवधारणाअनुसार भवन निर्माण सम्पन्न गरेको छ। प्रालिले ऐन, कानुन, कार्यविधि, निर्देशिकालगायतका सम्पूर्ण कानुन अध्ययन गरेर आफूहरूले मापदण्डअनुसार नै भवन निर्माण सम्पन्न गरी सञ्चालन गर्ने अन्तिम तयारी गरेको छ।



Maharjan Business Associates Pvt. Ltd.
Shukrapath, New Road, Kathmandu, Nepal

# जनशक्ति उत्पादनका लागि १० वर्षे गुरुयोजना

**नेपाल समाचारपत्र**

काठमाडौं

आन्तरिक श्रम बजारलाई व्यवस्थापन गर्नका लागि दक्ष जनशक्ति उत्पादनका लागि सरकारले १० वर्षे गुरुयोजना ल्याउने तयारी गरेको छ। बजेट विनियोजनमाथि सांसदले उठाएको प्रश्नको संसद्मा बुधबार जवाफ दिँदै श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टले आन्तरिक श्रम बजारमा आवश्यक पर्ने श्रम शक्ति उत्पादनका लागि विशेष गुरुयोजना ल्याउने तयारीमा सरकार रहेको बताउनुभएको हो।

वार्षिक ५ लाख बढी जनशक्ति कामको खोजीमा श्रम बजारमा आउने भए पनि करिब १ लाख बराबर अर्थात करिब २० प्रतिशतले मात्र आन्तरिक श्रम बजारमा काम पाउने गरेको अहिलेको अवस्थाको अन्त्य गर्न गुरुयोजना ल्याउन लागिएको मन्त्री विष्टको भनाइ छ। रोजगार र श्रमका विषयमा सरकारको कार्य योजनाबारे संसद्लाई जानकारी गराउँदै मन्त्री विष्टले केही महिनाभित्रै ७ वटै प्रदेशबाट वैदेशिक रोजगारीमा जाने कामदारलाई श्रम स्वीकृतिको व्यवस्था गरिने, प्रत्येक प्रदेशमा सिपमूलक तामिल केन्द्र सञ्चालनमा ल्याउने, वैदेशिक रोजगारी क्षेत्रका ठगी नियन्त्रण गर्न अबको २० दिनभित्र विशेष अनलाइन प्रणाली सञ्चालनमा ल्याउने तयारीमा सरकार रहेको बताउनुभयो।

उक्त अनलाइन प्रणाली सञ्चालनका लागि वैदेशिक रोजगार विभाग, राहदानी विभाग, श्रम कार्यालय, र कूटनीतिक नियोगसँग सहकार्य भइरहेको मन्त्री विष्टको भनाइ छ। त्यसै गरी उहाँले सरकारले बाल श्रम रोक्न बाल गुरुयोजना ल्याउन लागेका बारे पनि उहाँले संसद्लाई जानकारी गराउनुभएको छ।

# लुम्बिनी एक्स्पो हुँदै

बुटवल, (नेस)

विगतका वर्षजस्तै यस वर्ष पनि रूपन्देही व्यापार संघले बुटवलमा लुम्बिनी एक्स्पो-२०७५ आयोजना गर्ने भएको छ। आगामी पुष ५ देखि १८ गतेसम्म आयोजना हुने एक्स्पो सफल बनाउन संघले आवश्यक तयारी शुरू गरेको छ। 'स्वरोजगार आत्मनिर्भरता हाम्रो आधार, शहरदेखि गाउँसम्म व्यापार विस्तार' भन्ने मूल नारालाई आत्मसाथ गर्दै उत्पादन र उपभोक्ताबीचको सम्बन्धलाई थप विविधीकरण गर्न र उपभोक्तालाई स्वरोजगार र आत्मनिर्भर बनाउन सहयोग गर्ने उद्देश्यका साथ लुम्बिनी एक्स्पो तथा अन्तर्राष्ट्रिय व्यापार मेला आयोजना गर्न लागिएको संघले जनाएको छ।

एक्स्पो सम्पन्न गर्न संघका अध्यक्ष पदमप्रसाद श्रेष्ठको संयोजकत्वमा मूल आयोजक समिति तथा अन्य विभिन्न ४२ वटा उपसमिति गठन गरेको संघका महासचिव प्रकाश ढकालले जानाकारी दिनुभयो।

# सानीमा लाइफ इन्स्योरेन्स र नेपाल मेडिसिटीबीच सहमति

काठमाडौं (नेस)

सानीमा लाइफ इन्स्योरेन्सका सेवाग्राही तथा कर्मचारीको सुलभ उपचारका लागि नेपाल मेडिसिटी अस्पतालसँग सम्झौता भएको छ। जीवनबीमाका लागि उपभोक्ताको पूर्वस्वास्थ्य परीक्षण अब मेडिसिटी अस्पतालले गर्ने भएको छ भने त्यसको सम्पूर्ण व्यवस्थापन बीमा कम्पनीले गर्नेछ।

नेपाल मेडिसिटी अस्पताल भैंसीपाटीमा गरिएको सो सम्झौतामा अस्पतालका तर्फबाट महाप्रबन्धक विजय रिमाल र सानीमा लाइफ इन्स्योरेन्सका तर्फबाट नायब महाप्रबन्धक केशवराज केसीले हस्ताक्षर गर्नुभयो।

सम्झौताअनुसार उपचार खर्च, औषधि र डाक्टरसँगको परामर्शमा अस्पतालले १० प्रतिशतसम्मको सहुलियत प्रदान गर्ने भएको छ। सानीमा लाइफ इन्स्योरेन्स कम्पनीका उपभोक्ता र कर्मचारीलाई उक्त सुविधा प्रदान गर्ने गरी सम्झौता भएको हो।

# स्याउले सब-स्टेसन सञ्चालनमा



काठमाडौं, (नेस)

प्रदेश नम्बर-७ का पहाडी जिल्लामा विद्युत् आपूर्तिलाई नियमित र भरपर्दो बनाउन डडेल्धुराको स्याउलेमा निर्माण गरिएको १ सय ३२/३३ केभी सब-स्टेसन मंगलबारबाट सञ्चालनमा आएको छ। सब स्टेसनलाई मंगलबारबाट चार्ज गरिएको हो। सब स्टेसन निर्माण सम्पन्न भएपछि ७ नम्बर प्रदेशका पहाडी जिल्लामा आगामी दिनमा निर्माण हुने जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत त्यहीमार्फत राष्ट्रिय प्रसारण प्रणालीमा प्रवाह गराउन पूर्वाधार पनि तयार भएको छ।

सब-स्टेसन सञ्चालनमा आएपछि दार्चुलास्थित ३० मेगावाटको चमेलिया जलविद्युत् आयोजनाको विद्युत् स्याउलेबाटै डडेल्धुरा, दार्जुला, डोटी, बैतडी र अछाममा वितरण हुनेछ। नेपाल विद्युत् प्राधिकरणले अहिले चमेलियाको विद्युत् दार्चुलाको बलाँचबाट १ सय ३१ किलोमिटर १ सय ३२ केभी प्रसारण लाइनमार्फत कैलालीको अत्तरिया पुर्‍याई फेरि ३३ केभीमार्फत ती जिल्लामा आपूर्ति गर्दै आएको थियो।

'अब चमेलियाको विद्युत् स्याउले सब-स्टेसनबाट ७ नम्बर प्रदेशका पहाडी जिल्लामा आपूर्ति हुने लामो प्रसारण प्रणालीले गर्दा भइरहेको प्राविधिक चुहावटमा कमी आउनेछ' -आयोजना प्रमुख रमेशप्रसाद पौडेलले भन्नुभयो। यसबाट त्यस क्षेत्रको वितरण प्रणाली सुदृढ भई विद्युत् आपूर्ति भरपर्दो तथा गुणस्तरीय हुने अपेक्षा लिइएको छ। प्राधिकरणले चमेलिया सञ्चालनमा आउनुभन्दा पहिले पनि अत्तरियाबाटै ३३ केभी प्रसारण लाइनमार्फत प्राधिकरणले ७ नम्बर प्रदेशका पहाडी जिल्लामा विद्युत् आपूर्ति गर्दै आएको थियो। अत्तरिया-डडेल्धुरा-दिपायल ३३ केभी प्रसारण लाइनमार्फत डडेल्धुरा र डोटीको दिपायलमा भएका ३३/११ केभीका सब-स्टेसनमार्फत विद्युत्लाई ११ केभीमा परिणत गरी वितरण हुँदै आएको थियो।

प्राधिकरणले डडेल्धुराबाट बैतडी हुँदै दार्चुलासम्म र डडेल्धुराबाट दिपायल हुँदै अछामसम्म विद्युत् आपूर्ति गर्दै आएको छ। अब ती क्षेत्रमा चमेलियाको विद्युत् स्याउले सब-स्टेसनमार्फत आपूर्ति हुनेछ। ३३ केभी प्रसारण लाइन धेरै लामो हुँदा प्रसारण चुहावट बढी हुने र 'भोल्टेज ड्रप' हुने समस्या थियो। यी सबै समस्याको समाधान गर्न चमेलिया-अत्तरिया १ सय ३२ केभी प्रसारण लाइन मुनी पर्ने स्याउलेमा सब-स्टेसन निर्माण गरी सञ्चालनमा ल्याइएको हो। सब-स्टेसनको निर्माण आर्थिक वर्ष २०७२/७३ मा शुरू गरिएको थियो। सब-स्टेसनमा १ सय ३२/३३ केभीको एउटा पावर ट्रान्सफर्मर र ३३/११ केभीको एउटा वितरण ट्रान्सफर्मर राखिएको छ।

# स्थानीयको सक्रियतामा उज्यालो हुँदै सिमलकोट

बाजुरा, (नेस)

बुढीगंगा नगरपालिकको वडा नम्बर ७ स्थित ३० किलोवाट बार्जुगाड लघु जलविद्युत् आयोजनाको काम अन्तिम चरणमा पुगेको छ। स्थानीयको सक्रियतामा निर्माण भइरहेको उक्त आयोजना पूरा गर्नका लागि उनीहरूले यतिबला आफ्नो खेती किसानीको कामलाई थाती राखेर घरमा बत्ती बाल्न सक्रिए देखिएका छन्। लाल्टिन र टुकीकै भरमा उज्यालो बालिरहेका स्थानीयले असारको अन्तिमसम्म गाउँमा जसरी पनि विद्युत् सेवा पुर्‍याउने गरी काम गरिरहेको स्थानीय उपभोक्ता भक्तबहादुर विष्टले बताउनुभयो।

उक्त लघु जलविद्युत् आयोजनाको विद्युत् गृह निर्माण, नहर निर्माण तथा पोल गाड्ने काम सम्पन्न भई विद्युत् परीक्षण प्रशारणको काम पनि सम्पन्न भइसकेको छ। असारभित्रै उक्त आयोजनाबाट मिलकोट, बाईल र खारेखत गरी ३ सय ५० भन्दा बढी परिवार लाभान्वित हुने उपभोक्ता समितिका अध्यक्ष तिलक पुरीको भनाइ छ। साविकको बाह्रबिस गाविस र बुढीगंगा नगरपालिकाको सहयोग गरी हालसम्म २४ लाख बढी रकम खर्च भएको अध्यक्ष पुरीले बताउनुभयो। 'स्थानीयले करिब २० लाख रुपियाँ बराबरको जनश्रमदान गरेकाले थप रकम कहाँबाट जुटाउने भन्ने चिन्ता लागेको छ।' पुरीले भन्नुभयो।

उक्त विद्युत् आयोजना निर्माण सम्पन्न गर्न ५० लाख रूपियाँ खर्च हुने बताइएको छ। २०६९ सालदेखि निर्माणाधीन अवस्थामा रहेको उक्त लघु जलविद्युत्को नहर सापमार्तडी सडकखण्डको नाली प्रयोग गरेकाले नहर निर्माणमा केही सहजता भएको स्थानीयले बताएका छन्।

